नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

सिंहदरबार



सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सोको नियमावली, २०६५ को नियम ३ बमोजिम वन तथा वातावरण मन्त्रालय र अन्तर्गतका निकायको २०८० कार्तिकदेखि पौषसम्म तीन महिनामा सम्पादित कामको अद्यावधिक विवरण

सचिव

# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा (३) बमोजिमको विवरण

## १ मन्त्रालयको स्वरुप र प्रकृति

वन तथा वातावरण मन्त्रालय नेपाल सरकारको संघीय मन्त्रालय हो ।मन्त्रालयमा वन मन्त्री र प्रशासकीय प्रमुखका रुपमा एकजना सचिव रहने व्यवस्थाछ। हाल मन्त्रालयमा छ वटा महाशाखा रछब्बिसवटा शाखाहरु रहेका छन् । प्रत्येक महाशाखा प्रमुखको रुपमा एकजना सहसचिव रहन्छन् भने शाखा प्रमुखको रुपमा उपसचिव रहने व्यवस्था छ । यस मन्त्रालय अन्तर्गत चार विभाग, एक वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, एक रेड(Reducing Emissions from Deforestation and Forest Degradation) कार्यान्वयन केन्द्र समेत गरी छ वटा विभागस्तरीय निकायहरु छन् ।यसका अतिरिक्त मन्त्रालय मातहत नेपाल वन निगम लिमिटेडर जडिवुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडगरी दुईवटा संस्थान, राष्ट्रपति चुरे-तराई मधेस विकास संरक्षण समिति, वन पैदावर विकास समिति रराष्ट्रिय ताल संरक्षण विकास समिति गरी तीनवटा विकास समिति रहेका छन् ।राष्ट्रिय प्रकृति संरक्षण कोषकोपनि सम्पर्क मन्त्रालय वन तथा वातावरण मन्त्रालय रहेको छ।वन पैदावर विकास समिति अन्तर्गत सागरनाथ वन विकास परियोजना र रतुवामाई वृक्षारोपण परियोजना संचालित छन् । यो मन्त्रालय मुलत:वन तथा वातावरण क्षेत्रका प्राविधिक जनशक्ति रहेको मन्त्रालय हो । साथै, प्रशासन, कानून, लेखा समूहका जनशक्ति पनि मन्त्रालय छ ।

## २ मन्त्रालयको काम, कर्तव्य र अधिकार

वन तथा वातावरण मन्त्रालयको मूल उद्देश्य नेपालको**वनको दिगो व्यवस्थापन तथा वातावरण संरक्षण र व्यवस्थापन**गर्ने रहेको छ । वातावरणीय स्वच्छता कायम राख्दै जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनका कृयाकलाप मार्फत जनताको जीविकोपार्जनमा सकारात्मक टेवा पुर्‍याउनेपनि मन्त्रालयको जिम्मेवारी भित्र पर्दछ।प्रस्तुत परिप्रेक्ष्यमा वार्षिक तथा आवधिक योजना, दिगो विकास लक्ष्य-२०३० का १७ वटा लक्ष्यमध्ये मूलत: १३ औं लक्ष्य (Climate Action) सँग सम्बन्धित लक्षहरु हासिल गर्ने मार्गदर्शनर नीति अन्तर्गत मन्त्रालयले काम गर्ने गरेको छ । हरित विकासको अवधारणा अनुरुप मानवीय क्रियाकलाप र विकास प्रकियालाई वातावरणमैत्री बनाउदै जलवायु परिवर्तनको प्रतिकूल असरसँग अनुकुलित हुने अवस्था सृजना गरी मुलुकको समिष्टगत दिगो विकासमा जलवायु परिवर्तनले पार्ने प्रभावलाई न्यूनीकरण गर्दै वातावरण संरक्षण गर्ने जिम्मेवारी पनि मन्त्रालयको रहेको छ ।

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार यस मन्त्रालयबाट सम्पादन गरिने कार्यहरु निम्नानुसार रहेका छन् –

१ वन सम्बन्धी नीति, कानून र मापदण्ड नियमन;
२ राष्ट्रिय वनको सर्भेक्षण, वर्गीकरण, नापनक्स र सीमाङ्कन;
३ निजी वन, सार्वजनिक वन, धार्मिक वन, सामुदायिक वन, साझेदारी वन, कबुलियती वन, चक्ला वन सम्बन्धी नीति, कानून, मापदण्ड ;
४ वन्यजन्तु र चराचुरुङ्गी सम्बन्धी नीति, कानून र मापदण्ड;
५ राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा सिकार आरक्ष र सिमसार क्षेत्रसम्बन्धी नीति, कानून, मापदण्ड योजना तथा कार्यान्वयन;



सचिव

६ हात्तीसार;

७ प्राणीउद्यान (चिडियाखाना) सम्बन्धी नीति, कानून र मापदण्ड;

८ मध्यवर्ती क्षेत्र तथा संरक्षण क्षेत्र व्यवस्थापन सम्बन्धी नीति र मापदण्ड;

९ जैविक विविधता, प्राकृतिक वातावरण संरक्षण, सदुपयोग र स्रोतको व्यवस्थापन;

१० वन्यजन्तु, जैविक विविधता र वन पैदावार ओसारपसार एवं अपराध नियन्त्रण सम्बन्धी नीती , कानून, मापदण्ड, कार्यान्वयन र नियमन;

११ वन क्षेत्र अतिक्रमण र वन क्षेत्रको भू-उपयोगको परिवर्तन;

१२ वनस्पति उद्यान र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्बन्धी नीति, कानून र मापदणड

१३ हर्बोरियम व्यवस्थापन;

१४ वनस्पतिहरुको रसायनिक गुणहरुको परीक्षण, प्रयोगशाला, प्रत्यायन, प्रमाणीकरण र गुणस्तर;

१५ आनुवांशिक स्रोत, दुर्लभ तथा लोपोन्मुख प्रजानति र आयातित प्रजाति;

१६ वातावरण, जलवायु परिवर्तन, जलवायु परिवर्तन अनुकूलन, न्यूनीकरण सम्बन्धी नीती , कानून र मापदण्ड;

१७ कार्बन सेवा र कार्बन सञ्चिति;

१८ अन्तर प्रादेशिक जङ्गल, हिमाल, वन, संरक्षण, सम्बर्द्धन र व्यवस्थापन सम्बन्धी नीती , कानून, मापदण्ड, कार्यान्वयन र नियमन;

१९ अन्तरदेशीय वन तथा वन्यजन्तु सम्बन्धी विषय;

२० वन, वनस्पति, वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी अध्ययन अनुसन्धान;

२१ प्राकृतिक नदी नाला, ताल तलैया, पोखरी, सीमसार एवं जलाधार क्षेत्रको वातावरणीय संरक्षण एवं स्वच्छता कायम सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन;

२२ वायु र वायुमण्डलको गुणस्तर, मापदण्ड, अनुगमन र लेखाजोखा;

२३ हरित अर्थतन्त्र सम्बन्धी नीति र मापदण्ड;

२४ विकिरण, जल, ठोस, तापीय, नाभकीय, विद्युतीय, चुम्बकीय, रसायन, ध्वनी लगायतका प्रदुषण नियन्त्रण;

२५ हरितगृह ग्यासको मापदण्ड र नियमन;

२६ राष्ट्रिय स्तरमा वातावरणीय सूचना प्रणाली;

२७ वातावरणीय प्रभाव अध्ययन सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन;

२८ राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति, राष्ट्रिय प्रकृति संरक्षण कोष;

२९ सशस्त्र वन रक्षक;



सचिव

३० मन्त्रालय सम्बन्धी राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय;

३१ मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन;

३२ नेपाल वन सेवाको सञ्चालन ।

## ३ मन्त्रालयमा रहने कर्मचारी संख्या र कार्य विवरण

मन्त्रालयमा जम्मा १२९ जना निजामती कर्मचारीको दरबन्दी रहेको छ ।यी मध्ये अधिकांश प्राविधिक कर्मचारीको दरबन्दी रहेको छ भने प्रशासनिक र कानून सेवाका कर्मचारीहरु पनि रहेका छन् ।मन्त्रालयमा कार्यरत १० जना हलुका सवारी चालक र १७ जना कार्यालय सहयोगीमध्ये अधिकांश करारमा कार्यरत छन् । मन्त्रालयका काम कारवाही संगठन व्यवस्थापन तथा सर्वेक्षण प्रतिवेदन २०७५ मा दिइएका कार्य विवरण अनुसार अन्तर्गतकाविभाग, केन्द्र, विकास समिति तथा कोषमा कर्मचारी कार्यरत रहेका छन् ।

## ४ मन्त्रालयबाट प्रदान गरिने सेवा

नयाँ राज्य संरचना अनुसारको संगठन संरचना स्वीकृत भए पश्चात विगतमा वन तथा भू-संरक्षण मन्त्रालय र मातहतका निकायबाट प्रदान गरिदै आएका सेवाहरुमा समेत परिवर्तन भएको छ । मन्त्रालयले नेपाल सरकारबाट स्वीकृत कार्य विभाजन नियमावली बमोजिमका विषय क्षेत्रहरुमा सेवा प्रवाह गर्ने सेवा निम्नानुसारकारहेका छन् -

- वन सम्पदाको वैज्ञानिक, समावेशी र सहभागितामूलक व्यवस्थापनद्वारा पारिस्थितिय सेवाको प्रवर्द्धन गर्ने।
- नेपालमा रहेका सबै प्रकारका वनहरुलाई दिगो वन व्यवस्थापन पद्वति अनुरुप व्यवस्थापन गर्नाका लागि आवश्यक नीति, नियम तथा मापदण्ड तय गर्ने।
- वन अतिक्रमण, अवैध कटानी तथा चोरी शिकार नियन्त्रणका लागि आवश्यक नीतिगत व्यवस्था गर्ने ।
- वन श्रोतमा आश्रित समुदायहरुको जीविकोपार्जनमा सुधारको लागि जडिबुटी, पर्यापर्यटन र वन सम्पदामा आधारित वातावरण मैत्री उद्योग व्यवसायको विकास गरी निर्यात प्रवर्द्धनमा सहयोग पुऱ्याउने ।
- वन तथा जलाधार संरक्षणको माध्यमबाट कृषियोग्य भूमिको संरक्षण र उत्पादकत्वमा बृद्धि, पानीमुहान, वन्यजन्तु र जैविक विविधताको संरक्षण, जलवायु शुद्धीकरण जस्ता मानव स्वास्थ्य रक्षा एवं प्रकृति संरक्षण र वातावरणीय स्वच्छता कायम राख्ने।
- वन स्रोतबाट प्राप्त हुने लाभहरुको समन्यायिक वितरणका लागि आवश्यक व्यवस्था गर्ने।
- जलवायु परिर्वतनका कारणले पर्नसक्ने सम्भावित असरहरुको आंकलन गरी उपयुक्त अनुकूलन एवं जोखिम व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।
- चुरे क्षेत्रको परिस्थितिकीय प्रणालीको दिगो व्यवस्थापन गर्ने ।

सचिव

- जडिबुटी उत्पादन तथा प्रशोधन कार्यलाई सार्वजनिक र निजी क्षेत्रको साझेदारीमा सञ्चालन गर्न प्रोत्साहन गर्ने ।
- वन तथा वातावरण क्षेत्रका नीति, कार्यक्रम, बजेट र सेवालाई लैङ्गिक तथा सामाजिक रुपमा समावेशी र न्यायोचित बनाउने ।
- वन तथा वातावरण क्षेत्रमा वैदेशिक सहायतालाई राष्ट्रिय हित अनुकूल संचालन गर्ने ।
- वन क्षेत्रको प्रभावकारी संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापन गर्नको लागि प्रचलित ऐन कानूनमा आवश्यक परिमार्जन गरी संस्थागत सुदृढीकरण र अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सुदृढ गर्ने ।
- रेड (REDD-reducing emissions from deforestation and forest degradation) को अवधारणा अनुसार विश्व व्यापारमा संलग्न हुन आवश्यक नीति तथा कार्यक्रम तर्जूमा गर्ने ।
- वातावरणीय स्वच्छता कायम गर्नका लागि नीति, मापदण्ड तथा कानूनहरुको निर्माण गर्ने ।
- जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनका कार्यक्रमहरु संचालन गर्ने ।
- वन तथा वातावरण क्षेत्रसँग सम्बन्धित विभिन्न स्रोतबाट प्राप्त उजुरीको सुनुवाई र छानवीन तथा अवस्था अनुसार फर्स्योट।

## ५ सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

प्रचलित कानून र आर्थिक ऐन नियमानुसार हुने गरेको।

## ६ निर्णय गर्ने प्रक्रिया र अधिकारी

यस मन्त्रालयको कार्यक्षेत्र भित्र रहेका विभिन्न काम कार्वाहीमा नेपाल सरकारले जारीगरेकोसरकारी निर्णय प्रकृया सरलीकरण निर्देशिका, २०६५मा व्यवस्थाभए अनुसार र प्रचलित कानून अनुसार विभिन्न तहबाट निर्णय हुने गरेको छ।सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिममाग गरिने सूचना सम्बन्धमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम सूचना उपलब्ध गराउने गरिएको छ ।

## ७ निर्णयउपर उजुरी सुन्ने अधिकारी

मन्त्रालयबाट प्रवाह भएको सेवा सुविधाको विषयमा कुनै गुनासो भए वा चित्त नबुझेको खण्डमा मन्त्रालयका मा. मन्त्रीज्यू, सचिवज्यू र सम्बन्धित अन्य पदाधिकारी समक्ष उजुरी गर्न सकिने व्यवस्था रहेको छ । साथै, मन्त्रालयको सम्बन्धित महाशाखा वा शाखासंग सम्बन्धित कामको विषयमा प्रत्यक्ष आई, टेलिफोनमार्फत, निवेदनमार्फत वा इमेलमार्फत समेत उजुरी/गुनासो गर्ने र सोको सुनुवाई गर्नेगरिएको छ ।

## ८ कार्यक्रमको विवरण

मन्त्रालयको नियमित सेवा प्रवाहका कामका अतिरिक्त स्वीकृत बार्षिक कार्यक्रम तथा बजेट अनुसारका निम्न शीर्षक/उप-शीर्षक अन्तर्गतस्वीकृत कार्यक्रमहरु सम्पादन भएका छन् ।

१ वन तथा वातावरण मन्त्रालय
२ नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम



सचिव

३ रेड फरेष्ट्रि तथा जलवायु परिवर्तन कार्यक्रम
४ पहाडी साना किसानका लागि अनुकूलन आयोजना
५ राष्ट्रपति चुरे संरक्षण कार्यक्रम
६ सम्वृद्धिका लागि वन
७ जलवायु उत्थानशिल चूरे कार्यक्रम
८ वन तथा भू-संरक्षण विभाग
९ डिभिजन वन कार्यालयहरू (वन सुरक्षा सैनिक समेत)
१० राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम
११ जलाधार संरक्षण तथा सीमसार व्यवस्थापन कार्यक्रम
१२ जलाधारमा आधारित जलवायु उत्थानशील जीविकोपार्जन आयोजना
१३ जैविक विविधता तथा जलाधार व्यवस्थापन कार्यक्रम
१४ वनस्पति विभाग
१५ जडिबुटी विकास कार्यक्रम
१६ वनस्पति अनुसन्धान, संरक्षण तथा उद्यान विकास कार्यक्रम
१७ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
१८ राष्टिय निकुञ्ज सुरक्षा टोली (नेपाली सेना)
१९ हात्तीसारहरू
२० राष्ट्रिय निकुन्ज तथा आरक्ष आयोजना
२१ वन अनुसन्धान तथा सर्वेक्षण विभाग
२२ वन अनुसन्धान तथा सर्वेक्षण आयोजना
२३ वातावरण विभाग
२४ केन्द्रीय वन तालिम तथा प्रसार केन्द्र

- प्रदेश सरकारलाई सशर्त अनुदान
- स्थानीय तहलाई सशर्त अनुदान

मन्त्रालय अन्तर्गतका महाशाखा र शाखाले वैशाखदेखि आषाढसम्म सम्पन्न गरेका कार्यहरुको विवरण तल प्रस्तुत गरिएको छ -

## १. प्रशासन महाशाखा

### क. कानून तथा फैसला कार्यान्वयन शाखा

- सम्मानित सर्वोच्च अदालतमा तथा सम्मानित अदालतहरुमा विभिन्न विषयमा ११ वटा लिखित जवाफ तयार गरी पठाइएको
- १२ वटा राय/परामर्श पेश गरिएको ।

### ख. आर्थिक प्रशासन शाखा

- **खर्च तर्फ:** यस मन्त्रालयको चालु खर्च रु. ८२५,११,३०६।५१ (२२.२१%) भएको ।
- **बेरुजु तर्फ:** यस अवधि सम्ममा ४२२९७६ (रु. हजारमा) बेरुजु फछ्र्यौट (२१.७१ प्रतिशत) भएको ।



सचिव

## ग. शासकीय सुधार शाखाः उजुरी/गुनासो र सूचना सम्बन्धी विवरण

| क्र.सं. | उजुरी पठाउने निकाय | २०८०/८१ | कार्तिक | मंसिर | पुस | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट प्राप्त उजुरी/गुनासो | प्राप्त गुनासो सङ्ख्या | ० | ० | २ | २ |
| | | फछ्यौंट भएका गुनासो | ० | ० | ० | ० |
| | | प्रक्रियामा रहेका गुनासो | ० | ० | २ | २ |
| २. | हेलो सरकार कक्षबाट प्राप्त गुनसो/उजुरी | प्राप्त उजुरी सङ्ख्या | २ | ५ | ४ | ११ |
| | | फछ्यौंट भएका उजुरी | १ | ४ | ३ | ८ |
| | | प्रक्रियामा रहेका उजुरी | १ | १ | १ | ३ |
| ३. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त उजुरी/गुनासो | प्राप्त उजुरी सङ्ख्या | ४ | २ | ४ | १० |
| | | फछ्यौंट भएका उजुरी | १ | ० | १ | २ |
| | | प्रक्रियामा रहेका उजुरी | ३ | २ | ३ | ८ |
| ४. | यस मन्त्रालयमा दर्ता भएका उजुरी/गुनासो | प्राप्त उजुरी सङ्ख्या | ० | ० | १ | १ |
| | | फछ्यौंट भएका उजुरी | ० | ० | ० | ० |
| | | प्रक्रियामा रहेका उजुरी | ० | ० | १ | १ |
| ५. | राष्ट्रिय सतर्कता केन्द्रबाट प्राप्त उजुरी/गुनासो | प्राप्त उजुरी सङ्ख्या | ० | ४ | १ | ५ |
| | | फछ्यौंट भएका उजुरी | ० | १ | ० | १ |
| | | प्रक्रियामा रहेका उजुरी | ० | ३ | १ | ४ |
| ६. | सूचनाको हक अन्तर्गत विभिन्न माध्यमबाट माग भई प्रदान गरिएका सूचनाहरुको संख्या | टेलिफोन | ३३ | ५४ | ४३ | कुल जम्मा-१८२ |
| | | ईमेल | ४ | ५ | ६ | |
| | | पत्र | ५ | २ | ७ | |
| | | प्रत्यक्ष | ८ | ७ | ८ | |
| | | जम्मा | ५० | ६८ | ६४ | |

सचिव

## २. योजना अनुगमन तथा समन्वय महाशाखा

### क. कार्यक्रम तथा योजना शाखा

- आ.व. २०८०/०८१ को लागि रु. १५ अर्व ४३ करोड ८७ लाखको बजेट तर्जुमा गरेको ।
- विभाग तथा मन्त्रालयको कार्यक्रम तथा बजेट रकमान्तर तथा संशोधन गरेको ।
- अर्थ मन्त्रालयको मिति २०७९/१०/१७ को परिपत्रानुसार रोक्का भएका बजेट, कार्यक्रम फुकुवाका लागि अर्थ मन्त्रालय पठाएको ।
- आ.व. २०८०/०८१ को नीति, कार्यक्रम तथा बजेट वक्तव्यको मस्यौदा तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अर्थ मन्त्रालयमा पठाएको ।
- आ.व. २०८०/०८१ देखि २०८२/०८३ सम्मको मध्यकालिन खर्च संरचना तयार गरेको ।
- आ.व. २०८०/०८१ को वार्षिक कार्यक्रम पुस्तिका तयार गरी संसद तथा सरोकारवालाहरुलाई उपलब्ध गराएको ।
- वन्यजन्तु अपराध नियन्त्रण आदेश, २०८० नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०।०२।०९ मा स्वीकृत भएको ।
- वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८० नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८०।०३।१२ मा स्वीकृत भएको ।
- वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट पेश भएको राष्ट्रियबाँसतथावेतविकासरणनीति, २०८० मा राय प्रतिक्रियाको लागि श्री उद्योग विभाग, श्री कृषि विभाग र श्री नेपाल उद्योग वाणिज्य महासंघमा श्रीमान सचिवस्तरको मिति २०८०।०३।१८ को निर्णय अनुसार प्रेषित गरिएको ।
- वनस्पति विभागबाट पेश भएको वनस्पतिविभागमाभएकावैज्ञानिकअनुसन्धानएंवखोजकोहस्तान्तरणसम्बन्धी कार्यविधिनिर्देशिका, २०८० श्रीमान सचिवस्तरको मिति २०८०।०३।२० को निर्णय अनुसार सहमति तथा राय सुझावको लागि श्री अर्थ मन्त्रालय र श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा प्रेषित गरिएको ।
- वनस्पतितथावनस्पतिस्रोतसम्बन्धमाव्यवस्थागर्नबनेकोविधेयक, २०८० परामर्श/सहमतिको लागि श्रीमान सचिवस्तरको मिति २०८०।०३।२४ को निर्णय अनुसार श्री अर्थ मन्त्रालयमा प्रेषित गरिएको ।
- दीगोवनव्यवस्थापनकोलागिराष्ट्रियमापदण्डसहितकोनिर्देशिका, २०८० परामर्श/सहमतिको लागि श्रीमान् सचिवस्तरको मिति २०८०।०३।२४ को निर्णय अनुसार श्री अर्थ मन्त्रालयमा प्रेषित गरिएको ।

### ख. अनुगमन तथा मूल्यांकन शाखा

| सि.नं. | कृयाकलापहरू | मिति | उपलब्धि | कै |
|---|---|---|---|---|
| १. | आ.व. २०८०/८१ कोप्रत्येकमहिनाको नीति तथा कार्यक्रम, बजेट वक्तव्य बमोजिमको प्रगति प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको एकीकृत अनुगमन प्रणालीमा अनलाइन मार्फत प्रविष्टि गरिएको | प्रत्येक महिनाको ५ गतेभित्रमा। | प्रगतिको मूल्याङ्कन गर्न सजिलो भएको। | |



सचिव

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| २. | शाखामाप्राप्तभएकापत्रवाटमागभएअनुसारकोप्रगतिविवरण/विवरण (अन्यनिकायसँगसमन्वयगरी विवरण प्राप्त गर्नुपर्ने भएमाती निकायबाट विवरणप्राप्तिपश्चातएकीकृतगरी) सम्वन्धितनिकायमापठाइएको। | प्राप्त भएकै मितिमा। यदि प्राप्त भएकै मितिमा कार्य सम्पन्न गर्न नसकेमा सो दिनको भोलिपल्ट। | छिटो विवरण उपलब्ध भई कार्य प्रभावकारितामा वृद्धि भएको। | |
| ३. | आ.व ०८०।०८१ को प्रथम त्रैमासिक प्रगति समीक्षा एवं मन्त्रालयस्तरीय विकास समस्या समाधान उप समिति (Pre MDAC) को बैठक सम्पन्न भएको। | २०८० कार्तिक १६ गते | कार्यक्रमहरूको चौमासिक प्रगति समिक्षा भई कार्यक्रम कार्यान्वयनमा थप प्रभावकारिता अभिवृद्धि गर्न र विद्यमान समस्या समाधानका लगि पृष्ठपोषण प्राप्त भएको। | |
| ४. | माननीय मन्त्रीज्यूको समुपस्थितिमा चार महिना (श्रावणदेखि कार्तिकसम्म)को प्रगति समीक्षा गरिएको। | २०८०/०९/०१ | कार्यक्रमहरूको चौमासिक प्रगति समिक्षा भई कार्यक्रम कार्यान्वयनमा थप प्रभावकारिता अभिवृद्धि गर्न र विद्यमान समस्या समाधानका लागि पृष्ठपोषण प्राप्त भएको। | |
| ५. | गत आ.व. २०७९/८० को वार्षिक प्रगति प्रकाशनको तयारी पूरा भएको। | | | |

## ३. वातावरण तथा जैविक विविधता महाशाखा

### क. जैविक विविधता शाखा

- जटामसीको व्यवस्थापन निकायको रुपमा डिभिजन वन कार्यालयलाई तोकि मिति २०८०/०७/०२ गते राजपत्रमा सूचना प्रकाशन भएको।
- नेशमखोला जलविद्युत आयोजना (गौरीशंकर संरक्षण क्षेत्र/लाङटाङ राष्ट्रिय निकुञ्ज) को EIA अध्ययन सहमति प्रदान गरिएको।
- ३ वटा अध्ययन अनुसन्धान अनुमति प्रदान गरिएको।
- ३ वटा सौर्य विद्युत आयोजनालाई राष्ट्रिय निकुञ्ज /आरक्ष क्षेत्र भित्र पर्छ पर्दैन यकिन गरि पठाइएको।
- National Biodiversity Strategy and Action Plan तयारी - सचिवज्यूको अध्यक्षता Steering Committee र महाशाखा प्रमुखज्यूको संयोजकत्वमा Technical Committee गठन भई कार्य प्रारम्भ भएको।
- कार्टहिना प्रोटोकल अनुमोदन सम्बन्धमा विस्तृत अध्ययनका लागि कार्यदल गठन भएको।

### ख. वातावरणीय प्रभाव अध्ययन शाखा

- १३ वटा वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन (EIA) स्वीकृत भएको,
- ८ वटा क्षेत्र निर्धारण (SD) प्रतिवेदन तथा कार्यसूची (TOR) स्वीकृत भएको,
- परिमार्जित वातावरणीय व्यवस्थापन योजना (Revised EMP) १ वटा स्वीकृत भएको,



सचिव

- १ वटा पूरक वातावरणीय प्रभाव मुल्यांकन (SEIA) प्रतिवेदन स्वीकृत भएको।

ग. वातावरण मापदण्ड तथा अनुगमन शाखा

- मोन्ट्रियल प्रोटोकल अन्तर्गतको किगाली संशोधन अनुमोदन प्रक्रियाको लागि प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा प्रस्ताव पेश भएको।
- R-22 ग्याँसको बार्षिक आयात कोटा वितरण सम्बन्धी कार्य (*सन् २०२४ को लागि कोटा वितरणको लागि मिति २०८०/०९/२३ को गोरकापत्रमा सूचना प्रकाशन भईसकेको*) ।
- फोहोर पानीको मापदण्डको मस्यौदा उपर सरोकारवाला मन्त्रालयहरुबाट राय सुझाबका लागि पठाईएको ।
- सवारी प्रदुषण सम्बन्धी मापदण्ड (यूरो ६ समेत) अर्थ मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा राय सहमतिका लागि पुनः पठाईएको ।
- वायु प्रदुषण सम्बन्धी संशोधित मापदण्डहरुको मस्यौदा तयार भई सरोकारवाला मन्त्रालयसँग राय सहमतिका लागि पठाईएको ।
- मर्करी सम्बन्धी मिनामाता महासन्धिको अनुमोदनको प्रक्रियाको लागि सरोकारवाला मन्त्रालयसँग पुनः राय सहमतिका लागि पठाईएको।
- वातावरण सम्बन्धी MOFE Focal Ministry भएका महासन्धिहरुको Reporting सम्बन्धी क्रियाकलापहरु गरिएको।
- प्लाष्टिक झोला प्रतिबन्ध सम्बन्धी कार्ययोजना, २०७८ बमोजिमका क्रियाकलापहरु गरिएको।
- काठमाडौं उपत्यकाका लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ बमोजिमका क्रियाकलापहरु गरिएको।
- वातावरण विभागबाट अनुगमन पश्चात मन्त्रालयमा पेश हुने प्रतिवेदन उपरका कारवाहीहरु भएको ।
- सम्मानीत सर्वोच्च अदालतका वातावरण सम्बन्धी आदेशहरुको कार्यान्वयन सम्बन्धी क्रियाकलापहरु गरिएको।
- विभिन्न मन्त्रालयहरुबाट राय सुझाबका लागि प्राप्त हुने विषयगत नीति, ऐन, नियमहरुमा राय सुझाब प्रदान गरिएको।

सचिव

## ४. जलवायु परिवर्तन व्यवस्थापन महाशाखा

महाशाखा अन्तर्गत गत गत तीन महिनाको अवधिमा भएका कार्यहरु देहाय बमोजिम छन्-

| क्र.स | क्रियाकलाप | मिति/समय /अवधि | मुख्य सहभागी | उपलव्धी |
|---|---|---|---|---|
| १ | राष्ट्रिय जलवायु सम्मेलन(National Climate Summit)आयोजना सम्पन्न। | २०८०/०८/०५ | सम्माननीय प्रधानमन्त्रीज्यूको प्रमुख आतिथ्य तथा नेपाल सरकार माननीय मन्त्रीज्यूहरु,प्रदेश सरकार माननीय मुख्य मन्त्रीज्यूहरु तथा अन्य सरकारी गैह सरकारी लगायत सरोकारवाला निकायका प्रतिनिधिहरु। | -सम्माननीय प्रधानमन्त्रीज्यूबाट राष्ट्रिय अनुकुलन योजना र राष्ट्रिय निर्धारित योगदान कार्यन्वयन योजनाको लोकार्पण भएको।<br><br>-CoP 28मा नेपालको अर्थपुर्ण सहभगिता विषयक छलफल तथा राय सुझाव संकलन भएको। |
| २ | UNFCCC COP 28मा नेपालको प्रभावकारी सहभागिताका साथ आवाश्यक तयारी तथा समन्वय र प्रस्तुतिकरण गरेको। | २०८०/०८/१४ देखि २०८०/०८/२६ सम्म | सम्माननीय प्रधानमन्त्रीज्यू, नेपाल सरकार माननीय मन्त्रीज्यूहरु<br><br>लगायत सरकारी तथा गैह सरकारी, विकास साझेदार, संघ संस्थाहरु, सरोकारवाला निकायका प्रतिनिधि,पत्रकार आदि। | -नेपालकोप्रभावकारी सहभागिताका लागी मार्गचित्र तयार गरी विभिन्न चरणमा वैठकहरु वसी छलफल गरेको।<br><br>-जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धिको २८ औ पक्षराष्ट्रहरुको सम्मेलन (कोप२८) मा नेपालका प्राथमिकता र उठाउनु पर्ने विषयहरू समेटेर नेपालको राष्ट्रिय स्थितिपत्र तयार गरेको ।<br><br>-पहिलो पटक नेपाल प्याभिलियन स्थापना गरी कोप -२८ अवधिमा विभिन्न ३८ वटा Side eventsआयोजना गरिएको।<br><br>-संयुक्त अरव इमिरेटसको दुबईमाआयोजना भएको UNFCCC को कोप २८ र World Climate Action Summit मा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै सम्माननीय प्रधानमन्त्रीज्यूबाट सम्बोधन भएको र जलवायु परिवर्तनले नेपाल र पर्वतीय क्षेत्रमा पारेका असर र प्रभावका बारेमा अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण र सन्देश प्रवाह गर्न सफल भएको ।<br><br>-नेपाल लगायतका पर्वतीय राष्ट्रहरुको पहलमा Global Stock- take र Global Goal on Adaptation मा पर्वतीय |



सचिव

| | | | | |
|---|---|---|---|---|
| | | | | क्षेत्रका समुदाय र इकोसिस्टममा परेको प्रभाव तथा समाधान गर्नुपर्न विषय समावेश भएको। साथै, पर्वत र जलवायु परिवर्तन विषयमा विज्ञ समुहविच सम्बाद गर्ने निर्णय भएको ।<br><br>-COP 28 मा नेपालकोतर्फबाट सहभागिता सम्बन्धी प्रतिवेदनको अन्तिममस्यौदा तयार भएको। |
| ३ | विभिन्न आयोजना सहजीकरण,समन्वय तथा व्यवस्थापकीय काम गरेको। | निरन्तर | महाशाखा | EbA II, NAP, NCCSP -2, BUR,नेपाल जलवायु नमुना कार्यक्रम लगायतका आयोजनाहरुको समन्वय र सहजिकरण सम्वन्धी कार्य भएको। |
| ४ | UNFCCC र अन्य जलवायु सम्वन्धी संयन्त्रको Focal Point भइ काम गरेको। | निरन्तर | महाशाखा प्रमुख/ शाखा प्रमुख | संचार/ समन्वय/सहजीकरण भएको। |
| ५ | प्रदेशस्तरीय जलवायु परिवर्तन रणनीति तथा कार्ययोजनाको अन्तिम मस्यौदातयार | | महाशाखा | प्रदेशस्तरीय जलवायु परिवर्तन रणनीति तथा कार्ययोजनाको अन्तिम मस्यौदा तयार भै स्विकृतिका लागिसम्बन्धित सात वटै प्रदेशमा पठाएको । |

सचिव

| | | | | |
|---|---|---|---|---|
| ६ | जल तथा मौसम विज्ञान विभागद्वारा कार्यन्वयन हुनेTechnical Assistance Project, Flood Risk Mapping and simulationसम्वन्धी संसोधित परियोजनाको प्रस्ताव UNEP-CTCN मा पेश गरिएको। | २०८०/०९/२२ | | परियोजनाको प्रस्ताव पेश भएको। |

## ५. वन तथा जलाधार महाशाखा

महाशाखाले राष्ट्रिय प्राथमिकता प्राप्त योजनाका लागि राष्ट्रिय/सरकारी वन क्षेत्र उपलब्ध गराउने सम्बन्धी कार्य गर्दछ । गत तीन महिनामा विभन्न आयोजनाको लागि प्रयोग गर्न उपलब्ध गराइएको योजनाहरूको विवरण निम्न रहेका छन् ।

| क्र.सं. | प्रस्तावकको नाम | योजनाको नाम | स्थान | उपलब्ध गराईएको वन क्षेत्रफल(हेक्टर) | हटाईने रुख विरुवा संख्या | मन्त्रिपरिषद्को निर्णय मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | मदन भणडारी राजमार्ग आयोजना निर्देशनालय चाकुपाट,ललितपुर | सुर्खेत जिल्ला स्थित खम्बागाडे-पलौंटे-विद्धापुर-गुटु-मायाताल(२३ कि.मि.) सडक आयोजना | सुर्खेत जिल्ला स्थित खम्बागाडे-पलौंटे-विद्धापुर-गुटु-मायाताल(२३कि.मि.)सडक खण्डकोस्तरोन्नतीका लागि पञ्चपुरी न.पा. वडानं.२,३,४,५,६, ७,८ र ९ तथा चौकुने गा.पा.वडा नं.५,७ र ८ मा रहेको राष्ट्रिय वनको जग्गा प्रयोग गर्न दिने । | १४.५९०० | १,२९२ | म.प.बै.सं. ३७/०८० मिति २०८०/७/१६ | |



सचिव

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | बढीकेदार गा.पा.गाउँ गाउँकार्यपालिका को कार्यालय,डोटी | १० शैय्याको प्राथमिक अस्पताल निर्माण तथा प्रशासकीय भवन निर्माण आयोजना | १० शैय्याको प्राथमिक अस्पताल निर्माणतथा प्रशासकीयभवन निर्माणको लागि सोही गा.पा.को वडा नं.२ मा रहेको राष्ट्रिय वनको जग्गा प्रयोग गर्न दिने । | ०.६६०० | ० | म.प.बै.सं. ३७/०८० मिति २०८०/७/१६ | १ ३. २ रो प नी |
| ३ | अर्बिट इनर्जी प्रा.ली. | सभाखोला बी जलविधुत आयोजना (१५.१ मे.वा.) | संखुवासभाजिल्लाको सभापोखरी गा.पा. वडा नं. ३, ४ ,५ र ६ मा रहेको राष्ट्रिय वनको जग्गा प्रयोग गर्न दिने । | ४.२९०४ | १२४ | म.प.बै.सं. ३७/०८० मिति २०८०/७/१६ | |
| ४ | सालासुङ्गी पावर प्रा.ली. | सान्जेन खोला जलविधुत आयोजनाको १३२ के.भी. प्रसारण लाइन आयोजना | रसुवा जिल्ला आमामछोदिङ्गो गा.पा.वडा नं. ५ मा रहेको राष्ट्रिय वनको जग्गा प्रयोग गर्न दिने । | १०.१३०० | १,२१४ | म.प.बै.सं. ४६/०८० मिति २०८०/९/०५ | |
| ५ | काठमाण्डौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजना | काठमाण्डौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजना | मकवानपुर जिल्ला बकैया गा.पा. वडा नं. २, ५, ६, ७ र ८ तथा भिमफेदी गा.पा. वडा नं. ८ साथै बारा जिल्ला निजगढ न.पा. वडा नं. ४ र ८ मा रहेको राष्ट्रिय वन | ४०.१९०० | ४,३४५ | म.प.बै.सं. ४७/०८० मिति २०८०/९/१२ | |
| ६ | मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय चाकुपाट,ललितपुर | सुर्खेत जिल्ला स्थित चौकुने-मायाताल-लगाम बजार (२८ कि.मि.) सडक आयोजना | सुर्खेत जिल्लाको चौकुने गा.पा. वडा नं. २, ३, ४ र ५ मा रहेको राष्ट्रिय वन | २७.७६०० | १,८८४ | म.प.बै.सं. ५०/०८० मिति २०८०/९/२४ | |



सचिव

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | पाल्पा मिशन अस्पताल र पाल्पा जेसिज | पाल्पा जिल्ला स्थित ढल तथा फोहोर पानी प्रशोधन तथा व्यवस्थापन आयोजना | पाल्पा जिल्लाको तानसेन न.पा. वडा नं. १ मा रहेको राष्ट्रिय वन | ०.१०२० | ० | म.प.बै.सं. ५०/०८० मिति २०८०/९/२४ | |
| ८ | भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरवारकाठ माण्डौं। | चिसापानी-मंगलसेन (१६ कि.मि.) सडक स्तरोन्नती आयोजना | कैलाली जिल्ला स्थित लम्कीचुहा न.पा. वडा नं. ३ र मोहन्याल गा.पा. वडा नं. ७ मा रहेको राष्ट्रिय वन | ८.९२०० | ४७२ | म.प.बै.सं. ५०/०८० मिति २०८०/९/२४ | |
| ९ | ह्याविटचाट पावर कम्पनी लिमिटेड | हेवा ए साना जलविधुत आयोजना (५ मे.वा.) | पाँचथर जिल्लाको फालेलुङ गा.पा. वडा नं. १, २, ३, ७ र ८ मा रहेको राष्ट्रिय वन | १.४७०० | २७५ | म.प.बै.सं. ५०/०८० मिति २०८०/९/२४ | |
| | | | | १०८.११२४ | ९,६०६ | | |

क. राष्ट्रिय वन शाखा

| क्र. स. | प्रस्तावकको नाम | प्रमुख सम्पादित कार्य | स्थान | निर्णय मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | नेपाल वन निगम लिमिटेड,बबरमहल काठमाण्डौ. | वन नियमावली २०७९ नियम ३५ को बमोजिमको सम्पूर्ण प्रकृया पुरा गरी आवश्यक काठ उपलब्ध गराई दिन हुन आवश्यक कारवाही सम्बन्धमा । | सबै प्रदेश | मिति २०८०।६।५ को सचिव स्तरको निर्णय | |
| २ | उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय,सुदुरपश्चिम प्रदेश | विद्यालयको नाममा दर्ता श्रेस्ता कायम भएको भएमा नेपाल सरकारको राजस्व खातामा रुखहरुको कटानबाट प्राप्त रकम आम्दानी दाखिला गर्ने तथा अन्य प्रकृयाबाट विद्यालयको नाममा जग्गा दर्ता कायम भएको हो भन्ने द्विविधा भएको स्थितिमा श्री डिभिजन वन कार्यालय,डडेल्धुराले नै वन ऐन २०७६ | सिद्दनाथ मा.वि. परशुराम न.पा. ६, चान्दनी डडेल्धुरा | मिति२०८०।९।२४ वन तथा वातावरण मन्त्रालय(सचिवस्तर)को निर्णय | |



सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| | | र वन नियमावली २०७९ले दिएको अधिकार प्रयोग गरी तहाँबाट नै निक्यौल | | | |

## ९ सूचना अधिकारी र प्रमुखको नाम र पद

| प्रमुखको नाम र पद | सूचना अधिकारीको नाम र पद |
|---|---|
| डा. दिपक कुमार खराल<br>सचिव | निर्मला थापा<br>उप-सचिव |

## १० ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

मन्त्रालयको कार्य क्षेत्रसंग सम्बन्धित ऐन, नियम, विनियम वा निर्देशिका निम्न बमोजिम छन्-

- वन ऐन, २०७६र वन नियमावली, २०७९
- वातावरण संरक्षण ऐन, २०७६ र नियमावली, २०७७
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९
- संकटापन्न बन्यजन्तु तथा बनस्पतिको अन्तराष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ र नियमावली, २०७६
- संकटापन्न बन्यजन्तु तथा बनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३०
- राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९
- वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७
- भू तथा जलाधार संरक्षण ऐन, २०३९ तथा नियमावली, २०४१
- नेपाल वन सेवा (गठन, समूह, तथा श्रेणी) विभाजन र नियुक्ति नियमहरु,२०५१
- मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२
- संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७
- संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३
- वन्यजन्तु आरक्ष नियमावली, २०३४
- हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६
- खप्तड राष्ट्रिय निकुञ्ज नियमावली, २०४४
- वर्दिया राष्ट्रिय निकुञ्ज नियमावली, २०५३
- कञ्चनजङ्गा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०६४
- शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज नियमावली, २०७६
- काठ दाउरा संकलन तथा विक्रि वितरण निर्देशिका, २०७३



सचिव

- समुदायिक वनउपभोक्ता समुहको आर्थिक कार्यविधि निर्देशिका ,२०७३
- राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी कार्यविधि,२०७४
- सामुदायिक वनको काठ दाउरा संकलन तथा  बिक्रि वितरण निर्देशिका, २०७१
- वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९
- सुनाखरी संकलन तथा खेती विकास (कार्यविधि) निर्देशिका, २०६९
- सामुदायिक वनको निर्देशिका,२०५२
- खोटो संकलन (कार्यविधि) निर्देशिका, २०६४
- जिल्ला वन पैदावर आपूर्ति समितिको (कार्यविधि) निर्देशिका, २०६३
- निजी वन निर्देशिका, २०६८

**११ मन्त्रालयले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान सम्बन्धी विवरण**

चालु आ. ब. मा मन्त्रालयले कुल रु. २२७६००० हजार वैदेशिक सहायता प्राप्त गरेकोमाअनुदानतर्फ रु. २१०८२०० हजार र ऋण रु. १६७८०० हजार रहेको छ ।

**१२. मन्त्रालयको सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण**

यस मन्त्रालयका सूचनाहरु अद्यावधिक रुपमा मन्त्रालयको Website: www.mofe.gov.npमा अपलोड गर्ने र कतिपय सूचनाहरु सूचनापाटीमा पनि टाँस गर्ने गरिएको छ ।साथै मातहतका निकायहरुले पनि आफ्ना सूचनाहरु आ-आफ्ना websiteमा अद्यावधिक गर्ने गरेका छन् ।

## सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण

क. अघिल्लो आर्थिक वर्षमा सञ्चालन गरेको कार्यक्रम वा आयोजना

- आ. ब. २०७९/८० मा मन्त्रालयको स्वीकृत बार्षिक कार्यक्रम तथा बजेट अनुसारका जम्मा २४ वटा शीर्षक/उप-शीर्षकमा चालु र पूँजिगत तर्फको जम्मा विनियोजित बजेट (रु.हजारमा) जम्मा रु.१३०८९५६३मध्ये १०४५७२६७खर्चभई चालु खर्चको वित्तीय प्रगति ८४.५६ प्रतिशत पूँजिगतको ७१.९८ प्रतिशत भई जम्मा ७९.८९२ प्रतिशत भएको ।

ख. मन्त्रालयको वेभसाईट र इमेल

- www.mofe.gov.np
- email: info@mofe.gov.np

सचिव

ख१. मन्त्रालयले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण

| बजेट उपशीर्षक | दातृ संस्था | स्रोत | जम्मा (रु.हजारमा) |
|---|---|---|---|
| नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम | युएन-जीइएफ | सोझै भुक्तानी अनुदान | ८९००० |
| | डब्लुएफपी | सोझै भुक्तानी अनुदान | १३५००० |
| | जिसिएफ | सोझै भुक्तानी अनुदान | १७०००० |
| रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम | वर्ल्ड बैंक-ट्रष्ट कोष | सोझै भुक्तानी अनुदान | ११४९०० |
| | वर्ल्ड बैंक-ट्रष्ट कोष | शोधभर्ना हुने अनुदान | ३००० |
| पहाडी साना किसानका लागि अनुकूलन आयोजना | आइफाड | शोधभर्ना हुने अनुदान | १८८००० |
| सम्वृद्धिका लागि वन | वर्ल्ड बैंक-ट्रष्ट कोष | शोधभर्ना हुने अनुदान | १४२८०० |
| जलवायु उत्थानशील चुरे कार्यक्रम | जिसिएफ | नगद अनुदान | ६७६६०० |
| जलाधारमा आधारित जलवायु उत्थानशील जीविकोपार्जन आयोजना | युएनडिपी | सोझै भुक्तानी अनुदान | २५१०० |
| | युएन-जीइएफ | सोझै भुक्तानी अनुदान | २८४९०० |
| जैविक विविधता तथा जलाधार व्यवस्थापन | जिसिएफ | नगद अनुदान | २७८९०० |
| | आईडिए | शोधभर्ना हुने ऋण | १६७८०० |
| जम्मा | | | २२७६००० |

ख२. मन्त्रालयले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन

मन्त्रालयले संचालन गरेको कार्यक्रमको विवरण खण्ड ८ मा र एकमुष्ट प्रगति माथि खण्ड क मा उल्लिखित छ ।

ख३. मन्त्रालयले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि

- वर्गीकरण र संरक्षणको विशेष व्यवस्था हालसम्म नगरिएको तर प्रचलित ऐन नियमानुसार अन्य कार्य गर्ने गरिएको ।

ख४. मन्त्रालयमा परेका सूचना माग सम्बन्धी निवेदन र सोउपर सूचना दिइएको विषय

१. रुख कटान र खेर गइरहेको काठजन्य वस्तुहरुको तथ्याङ्क
२. वातावरणीय प्रभाव मुल्याङ्कन/EIA का विषयहरु
३. डढेलो, अनधिकृत कब्जा, तस्करी लगायतको कारण वन विनासको तथ्याङ्क
४. कर्मचारीकोविवरण
५. समसामयिक विषय र सामान्य जानकारी- जस्तो: मन्त्रालयको कामकाज, मन्त्री सचिवको समयमा पदस्थापन नभएको विषय, मन्त्रालयमा सुशासनको अवस्था लगायत अन्य सामान्य जानकारी

ग. मन्त्रालयका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण

- वेभसाइट, सूचनापाटी वा कतिपय सूचना सार्वजनिक पत्रपत्रिकामा प्रकाशन हुने गरेको ।

समाप्त

सचिव